सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्ति सिफारिससम्बन्धी कार्यविधि, २०८३

सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस गर्न सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ को दफा ८ को उपदफा (५) बमोजिम गठित सिफारिस समितिले सोही ऐनको दफा ८ को उपदफा (८) बमोजिम नेपाल सरकारसमक्ष सिफारिस गर्न ऐनको दफा ८ को उपदफा (११) अनुसार "सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्ति सिफारिससम्बन्धी कार्यविधि, २०८३" स्वीकृत गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम ''सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्ति सिफारिससम्बन्धी कार्यविधि, २०८३'' रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा;-

(क) "अध्यक्ष" भन्नाले सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले ''सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्ति सिफारिससम्बन्धी कार्यविधि, २०८३'' सम्झनु पर्दछ ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले समितिको बैठकबाट तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ङ) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना मन्त्रालय सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले ऐनको दफा ८ को उपदफा (५) बमोजिमको सिफारिस समिति सम्झनु पर्दछ ।

(छ) "संस्था" भन्नाले सार्वजनिक सेवा प्रसारण संस्था सम्झनु पर्दछ ।

(ज) "संयोजक" भन्नाले ऐनको दफा ८ को उपदफा (५) को (क) बमोजिमको सिफारिस समितिको संयोजक सम्झनु पर्दछ ।

३. **बैठक र निर्णय प्रक्रिया:** समितिको बैठक र निर्णय प्रक्रिया देहाय बमोजिम हुनेछ:-

(क) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(ख) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(ग) समितिको बैठकमा संयोजक र कम्तिमा एकजना सदस्य उपस्थित भएको हुनुपर्नेछ ।

(घ) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ । सर्वसम्मत हुन नसकेमा संयोजक सहितको बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(ङ) समितिको निर्णय संयोजकको हस्ताक्षर पछि प्रमाणित भएको मानिनेछ ।

(च) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **<u>नियुक्तिका लागि सिफारिस गर्न अवलम्बन गर्ने प्रक्रिया</u>:** (१) समितिले प्रतिष्पर्धाका आधारमा देहाय बमोजिम छनौट प्रक्रिया अवलम्बन गरी अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस गर्नेछ ।

(क) सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको विवरण सहितको दरखास्त माग गर्ने,

(ख) प्राप्त दरखास्त उपर छानविन गरी स्वीकृत भएका उम्मेदवारको सूची प्रकाशन गर्ने,

(ग) दरखास्त स्वीकृत भएका उम्मेदवारको व्यावसायिक कार्ययोजनाको परीक्षण गर्ने/गराउने,

(घ) व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण गर्न लगाउने,

(ङ) अन्तर्वार्ता लिने ।

(२) उम्मेद्वारको अनुभव, व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन, व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्तामा प्राप्त सबै अङ्क जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रमका आधारमा उपलब्ध भएसम्म अध्यक्ष पदका लागि बढिमा तीन जनाको नाम नियुक्तिका लागि नेपाल सरकारलाई सिफारिस गर्नेछ ।

५. **<u>उम्मेद्वारको योग्यता</u>:** अध्यक्ष पदको लागि दरखास्त पेश गर्न देहायको योग्यता भएको हुनु पर्नेछ:-

(क) नेपाली नागरिक,

(ख) पैतिस वर्ष उमेर पूरा भएको,

(ग) उच्च नैतिक चरित्र भएको,

(घ) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी पत्रकारिता, मानविकी, व्यवस्थापन, बजार व्यवस्थापन वा सूचना प्रविधि वा प्रसारण सम्बन्धी इञ्जिनियरिङ्ग क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको,

(ङ) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(च) नियुक्ति हुँदाको बखत आमसञ्चार संस्थाको पदाधिकारी, सञ्चालक वा सम्पादक नरहेको ।

६. **<u>अध्यक्ष पदमा नियुक्ति हुनका लागि अयोग्यता</u>:** ऐनको दफा ८ (१) को (क) बमोजिम सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्ति हुनका लागि देहायको अयोग्यता नभएको हुनुपर्नेछ;

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, संगठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) ऐनको दफा ९ बमोजिमको योग्यता नभएको,

(घ) प्रचलित कानून बमोजिम अयोग्य भएको

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको,

<u>स्पष्टीकरण:</u> यस खण्डको प्रयोजनका लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(च) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको ।

७. <u>दरखास्त माग गर्ने</u>: (१) समितिले अध्यक्ष पदको लागि योग्य उम्मेदवारको दरखास्त आव्हान गर्न ऐनको दफा ८ को उपदफा (६) बमोजिम ७ (सात) दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिका, मन्त्रालय र सार्वजनिक सेवा प्रसारण संस्थाको वेवसाइटमा प्रकाशन गरिनेछ ।

(३) उम्मेदवारले दरखास्तसाथ देहायका विवरणहरु खुल्ने स्वयम् प्रमाणित कागजातहरु समावेश गर्नु पर्नेछ:-

(क) नियुक्ति हुन चाहेको पदको बेहोरा खुल्ने कार्यविधिको अनुसूची-१ बमोजिमको दरखास्तका लागि आवेदनको विवरण,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) न्यूनतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाणपत्र भए समकक्षताको प्रमाणपत्र),

(घ) सम्बन्धित क्षेत्रमा एक वर्ष भन्दा बढी अवधी काम गरेको अनुभव स्पष्ट खुल्ने सम्बन्धित संस्थाको प्रमाणित कागजातहरू,

(ङ) सम्पर्क खुल्ने व्यक्तिगत विवरण,

(च) दरखास्त दिने अन्तिम मितिसम्म पैतीस वर्ष पूरा भएको बेहोरा खुलेको प्रमाण,

(छ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति ,

(ज) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रमाणित प्रतिलिपि,

(झ) कार्यविधिको अनुसूची-२ बमोजिमको स्व:घोषणा,

(ञ) दरखास्त दस्तुर तिरेको रसिद ।

८. **व्यावसायिक कार्ययोजना पेश गर्नुपर्ने:** (१) उम्मेदवारले दरखास्त साथ संस्थाको अवधारणा पत्र, संस्थामा देखिएका विद्यमान समस्या, चुनौती र अवसर सहितको व्यावसायिक कार्ययोजना एवम् भावी रणनीतिक योजना समेत समावेश गरिएको कार्ययोजनाको तीन/तीन प्रति तयार गरी देहायबमोजिम पेश गर्नु पर्नेछ;

(क) ५००० (पाँच हजार) शब्दमा नबढाई तयार गरेको सार्वजनिक सेवा प्रसारण संस्था सम्बन्धी व्यावसायिक कार्ययोजना,

(ख) नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको कार्ययोजना,

(ग) कार्यविधिको अनुसूची-३ बमोजिम पहिलो पृष्ठ सहितको व्यावसायिक कार्ययोजना ।

(२) पेश गरेको व्यावसायिक कार्ययोजनाको तीन प्रति मध्ये कुनै एक प्रतिको प्रत्येक पृष्ठमा उम्मेदवारले दस्तखत गरेको हुनु पर्नेछ । सो बाहेक अन्य दुई प्रतिमा कुनै पनि पृष्ठमा कहीं कतै नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नगरेको हुनु पर्नेछ ।

(३) व्यावसायिक कार्ययोजना खाम भित्र राखी शिलबन्दी गरिएको हुनुपर्नेछ ।

(४) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण (Hard Copy र Soft Copy) समेत छुट्टै खाम भित्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

९. **छनौट विधि:** समितिले योग्य उम्मेदवार छनौट गर्न दरखास्तसाथ प्राप्त कागजात विवरण छानबिन गरी देहायका विधिहरु अवलम्बन गर्नेछ:-

(क) अनुभव वापतको अङ्क गणना,

(ख) व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन,

(ग) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण,

(घ) अन्तर्वार्ता ।

१०. <u>मूल्याङ्कनका आधारहरु</u>: (१) उम्मेदवारको मूल्याङ्कन देहायका आधारमा गरिने छ:-

क. <u>अनुभव</u> - न्यूनतम भन्दा बढी अवधिको अनुभवको लागि राजपत्राङ्कित द्वितीय श्रेणी भन्दा मुनिको अनुभवको हकमा प्रत्येक वर्षका लागि १ अङ्कका दरले र राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणी वा सो सरहको अनुभवको हकमा प्रत्येक वर्षका लागि १.५ अङ्कका दरले र राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको अनुभवको हकमा प्रत्येक वर्षका लागि २ अङ्कका दरले बढीमा	१० अङ्क
ख. <u>व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन</u> (अ) संस्थाको अवधारणा-पत्र - ५ अङ्क (आ) व्यावसायिक कार्ययोजना (डिजिटल रुपान्तरण समेत) - १५ अङ्क (इ) संस्थामा देखिएको समस्या, चुनौती र अवसर - १० अङ्क (ई) संस्थाको भावी रणनीतिक योजना – १० अङ्क	४० अङ्क
ग. व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण	३० अङ्क
घ. अन्तर्वार्ता	२० अङ्क
जम्मा	**१०० अङ्क**

(२) व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन, प्रस्तुतीकरण र अन्तर्वार्तामा अधिकतम ७०% भन्दा बढि र न्यूनतम ४०% भन्दा कम अङ्क दिंदा पुष्ट्याई दिनुपर्नेछ । प्रस्तुतीकरण तथा अन्तर्वार्ता समितिका बहुमत सदस्यले कुनै उम्मेदवारलाई ७०% भन्दा बढि र ४०% भन्दा कम अङ्क प्रदान गरेकोमा मात्र त्यस्तो अङ्क गणना गरिनेछ। बहुमत सदस्यले त्यसरी अङ्क प्रदान नगरेकोमा ७०% भन्दा बढी अङ्कलाई ७०% र ४०% भन्दा कम अङ्कलाई ४०% कायम गरिनेछ।

(३) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणका लागि ३५ मिनेटको समय दिइनेछ । यस मध्ये २० मिनेट प्रस्तुतीकरण र १५ मिनेट प्रश्न उत्तर समय हुनेछ ।

(४) व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ता वापतको अङ्क प्रस्तुतीकरण र अन्तर्वार्ता समितिका संयोजक तथा सदस्यहरुले छुट्टाछुट्टै फाराममा दिई औषत हिसाब गरी प्राप्ताङ्क कायम गरिनेछ ।

(५) उपदफा (१) को देहाय (क) को अनुभवको श्रेणीगत समकक्षता निर्धारण सम्बन्धमा प्रचलित कानून र व्यवस्था बमोजिम स्पष्ट रुपमा श्रेणी उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(क) श्रेणी उल्लेख भई नआएकोमा देहाय बमोजिम गर्ने:-

(१) केन्द्रीय निकायको प्रमुख भई वा उच्च व्यवस्थापक तहमा कामकाज गरेको हकमा राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरह,

(२) प्रादेशिक/क्षेत्रीय प्रमुख भई कामकाज गरेको हकमा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह,

(३) शाखा प्रमुख भई कामकाज गरेको हकमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरह,

(४) उपखण्ड (३) मा तोकिएको भन्दा मुनीको पदमा कामकाज गरेको हकमा राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरह,

(ख) तह उल्लेख भई आएकोमा देहाय बमोजिम श्रेणी कायम गर्ने :-

(१) तह ६, ७ र ८ राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरह,

(२) तह ९ र १० राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरह,

(३) तह ११ र १२ राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह,

(४) उपखण्ड (३) भन्दा माथिको तहका लागि राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरह ।

(ग) श्रेणी र तह दुवै उल्लेख भई नआएकोमा देहाय बमोजिम गर्ने;

(१) १ वर्षदेखि ५ वर्षसम्म कार्य अनुभव भएको हकमा राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरह,

(२) ५ वर्षदेखि १० वर्षसम्म कार्य अनुभव भएको हकमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरह,

(३) १० वर्ष देखि १५ वर्षसम्म कार्य अनुभव भएको हकमा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह,

(४) १५ वर्ष भन्दा माथि कार्य अनुभव भएको हकमा राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरह ।

(६) अनुभवको श्रेणीगत समकक्षता निर्धारण सम्बन्धमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

११. **<u>व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन</u>:** व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन विधि समितिबाट तोकिएबमोजिम हुनेछ ।

१२. **<u>संक्षिप्त सूची प्रकाशन गर्ने</u>:** (१) अध्यक्ष पदमा तोकिएको समयभित्र पेश हुन आएका दरखास्तको आधारमा कार्यविधिको दफा १० को उपदफा (१) को खण्ड (क) र (ख) अनुसार मूल्याङ्नमा प्राप्त गरेको अङ्कको आधारमा अध्यक्ष पदका लागि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने बढीमा दश जना उम्मेदवारको वर्णानुक्रमानुसारको अल्पसूची व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दश जना भन्दा कम उम्मेदवारको आवेदन परेमा उपदफा (१) बमोजिमको अल्पसूची प्रकाशन गरिने छैन ।

१३. **<u>नियुक्तिका लागि सिफारिस</u>:** (१) समितिले उम्मेदवारको अनुभव, व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन, व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताको औषत अङ्कका आधारमा योग्यताक्रमानुसार सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवार मध्येबाट उपलब्ध भएसम्म बढीमा तीन जनाको नाम योग्यताक्रम अनुसारको सूची सहित नियुक्तिका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम सिफारिस गर्ने कार्य लोक आयोगको स्थापित विधि र प्रक्रिया बमोजिम हुनेछ ।

१४. **विषय विज्ञ वा दक्षको सहयोग लिन सक्ने:** (१) समितिले दरखास्तको स्वीकृति सम्बन्धी कार्य, व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन र प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि आवश्यकता अनुसार विषय विज्ञ वा दक्षको सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनका लागि समितिले विषय विज्ञ वा दक्षको सूची तयार गर्नेछ ।

(३) समितिले तयार गरेको विषय विज्ञ वा दक्षको सूचीबाट संयोजकले विषय विज्ञ वा दक्षको मनोनयन गर्नेछ ।

१५. **दरखास्त रद्द वा पुन: आव्हान गर्न सक्ने:** (१) अध्यक्ष पदमा पाँच जना भन्दा कम संख्यामा दरखास्त परेमा समितिले ३ (तीन) दिनको म्याद दिई पुनः दरखास्त आव्हान गर्नेछ । यसरी पुन: दरखास्त आव्हान गर्दा समेत पाँच भन्दा कम संख्यामा दरखास्त परे पनि प्राप्त दरखास्तको आधारमा समितिले प्रक्रिया अघि बढाउन सक्नेछ ।

(२) प्राप्त दरखास्तमध्ये रीत नपुगी आएका तथा गलत वा झुठ्ठा कागजपत्र पेश गरेको उम्मेदवारको दरखास्त समितिले जुनसुकै चरणमा रद्द गर्नेछ ।

१६. **खर्चसम्बन्धी व्यवस्था:** समितिको बैठक तथा छनोट सम्बन्धी व्यवस्थापकीय खर्च लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०८२ तथा समितिको निर्णय बमोजिम सार्वजिनक सेवा प्रसारण संस्थाले व्यवस्था गर्नेछ ।

१७. **सचिवालय:** (१) समितिको सचिवालय सूचना तथा सञ्चार मन्त्रालयमा रहनेछ ।

(२) समितिका लागि आवश्यक कर्मचारी सचिवालयले व्यवस्था गर्नेछ ।

१८. **कागजपत्रको संरक्षण:** (१) समितिले सिफारिस सम्बन्धी कार्य सम्पन्न गरिसकेपछि तत्सम्बन्धी सम्पूर्ण कागजातहरू सचिवालयमा सुरक्षित राख्नु पर्नेछ ।

(२) समितिले गरेको मूल्याङ्कन सम्बन्धी सम्पूर्ण कागजात गोप्य रहनेछन् ।

१९. **कार्यविधिमा हेरफेर:** समितिले यस कार्यविधिमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

२०. **बाधा अड्काउ फुकाउ:** यस कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ परेमा समितिको निर्णय बमोजिम हुनेछ ।

अनुसूची –१

दरखास्तको लागि आवेदनको ढाँचा

(दफा ७ को उपदफा (३) को खण्ड (क) सँग सम्बन्धित)

मिति: .....

श्रीमान् संयोजकज्यू,
सार्वजनिक सेवा प्रसारण संस्थाको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस समिति ।

विषय: <u>दरखास्तका लागि आवेदन पेश गरेको सम्बन्धमा</u> ।

महोदय,

सार्वजनिक सेवा प्रसारण संस्थाको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस समितिबाट मिति ..... मा प्रकाशित सूचना बमोजिम देहायका विवरण संलग्न गरी दरखास्तका लागि आवेदन पेश गरेको छु;

उम्मेदवारको नाम, थरः

जन्म मितिः

आमाको नाम, थर:

बाबुको नाम, थरः

बाजेको नाम, थरः

स्थायी ठेगानाः

प्रदेश: जिल्लाः

गाउँपालिका/नगरपालिकाः वडा नम्बर:

मोबाइल नंः

ईमेल ठेगाना:

शैक्षिक योग्यता सम्बन्धी विवरण

शैक्षिक संस्थाको नाम, ठेगाना	उपाधि	अध्ययन बर्ष		श्रेणी/ प्रतिशत/ GPA	कैफियत
		देखि	सम्म		

अनुभव सम्बन्धी विवरण

संस्था/निकायको नाम, ठेगाना	पद	कार्यरत अवधि		मुख्य जिम्मेवारी	कैफियत
		देखि	सम्म		

माथि उल्लिखित विवरण ठिक साँचो छ । झुठ्ठा ठहरिएमा कानुन बमोजिम सहुँला, बुझाउँला ।

उम्मेदवारको दस्तखत:

मिति:

ल्याप्चे सहीछाप

दायाँ	बाँया

अनुसूची-२

उम्मेदवारको स्व-घोषणा

(दफा ७ को उपदफा (३) को खण्ड (झ) सँग सम्बन्धित)

विषय :स्वःघोषणा सम्बन्धमा ।

प्रस्तुत विषयमा सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्ष पदका लागि आवेदनका साथमा देहाय बमोजिमको घोषणा गर्दछु;

		हो	होइन
(क)	भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा ओसारपसार, बैंक तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,	☐	☐
(ख)	कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको,	☐	☐
(ग)	बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको,	☐	☐
(घ)	नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य भएको,	☐	☐
(ङ)	संस्थासँग कुनै किसिमको स्वार्थको द्वन्द्व (Conflict of Interest) भएको ।	☐	☐

माथि उल्लेख गरिएका विवरण ठिक साँचो हो भनी स्व:घोषणा गर्दछु। झुटो ठहरिएमा कानूनबमोजिम सहुँला, बुझाउँला ।

उम्मेदवारको

हस्ताक्षर:.....

नाम, थर-: .....

ठेगाना-: .....

सम्पर्क नम्बर:.....

अनुसूची-३

व्यावसायिक कार्ययोजनाको पहिलो पृष्ठ

(दफा ८ को (१) को खण्ड (ग) सँग सम्बन्धित)

प्रथम संकेत नं:

प्रथम संकेत नं:

दोस्रो संकेत नं:

उम्मेदवारको नाम, थर:

दोस्रो संकेत नं:

आमाको नाम, थर:

बाबुको नाम, थर:

बाजेको नाम, थर:

ठेगाना:

व्यावसायिक कार्ययोजना पेश गरेको पद:

दस्तखत: